बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, मकवानपुर

पत्र संख्या: २०८२/०८३
चलानी नं. ३३४

मिति २०८२ पुस २४ गते

श्री स्थानीय तह सबै,
बागमती प्रदेश ।

विषय : पूर्व सिकाई मान्यता विधिबाट हुने सीप परीक्षणको लागि आवश्यक प्रचारप्रसार तथा सहकार्य सम्बन्धमा ।

नेपाल सरकार र स्वीस सरकार बिचको द्विपक्षीय सम्झौता अनुसार सञ्चालनमा रहेको नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको सहयोगमा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्,हेटौंडा मकवानपुरले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, बागमती प्रदेश कार्यालय मार्फत नि-शुल्क (रजिष्ट्रेशन शुक्ल बाहेक) रुपमा पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning-RPL) विधिद्वारा भौचर प्रणालीमा आधारित सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेश वा वैदेशिक रोजगारको अनुभव प्राप्त नेपाली नागरिकहरूबाट आवेदन आव्हान सम्बन्धी सूचना मिति २०८२ पौष २० गते प्रकाशन भएकोले सम्बन्धित युवाहरुसम्म सूचना प्रवाह गरिदिन दिनुहुन एवम् पालिकाको वेवसाइटमा समेत राखी दिनुहुन अनुरोध छ। साथै सूचनाको प्रति यसै पत्र-साथ संलग्न छ।सो सूचना बागमती प्रदेश CTEVT को वेवसाइट https://ctevtbagmati.org.np/info_center/notice_details/475, सामाजिक विकास मन्त्रालयको वेवसाइट https://mosd.bagamati.gov.np/content/66/notice-regarding-invitation-of-application-for-skill/ र प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को वेवसाइट https://pctvet.bagamati.gov.np/content/48/notice-regarding-invitation-of-application-for-skill/ बाट पनि प्राप्त गर्न सकिनेछ ।

पुनश्चः तहाँ पालिकामा सीप परीक्षणको लागि बजेट विनियोजन भएको भए आवश्यक सहकार्य समेत गर्न हुन अनुरोध छ ।

देवनारायण चौधरी
कार्यालय प्रमुख

बोधार्थः
श्री सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश ।
श्री नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग ईकाई, बागमती प्रदेश ।

टेलिफोन नं. ०५७-५९१२५२
मोबाईल नं. ९८५५०१३२५२(कार्यालय प्रमुख)
ईमेल ठेगाना: tvetbagamati@gmail.com
मोबाईल नं. ९८५५०१६२५२(सूचना अधिकारी)
वेवसाईट ठेगाना: https://pctvet.bagamati.gov.np/

(Notice No. : RPLPBA/2082/083)

# प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् (CTEVT)
## बागमती प्रदेश कार्यालय, हेटौडा, मकवानपुर

# सीप परीक्षणको आवेदन आव्हान सम्वन्धी सूचना !!

## सूचना प्रकाशित मिति : २०८२/०९/२०

प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद राष्ट्रिय सीप परिक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय / नेपाल व्यवसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS-II) तथा प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालीम परिषद् (PCTVET) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बागमती प्रदेश कार्यालय को तर्फबाट पुर्व सिकाईको मान्यता (Recognition of Prior Learning-RPL) विधिद्वारा सहुलियत शुल्कमा सञ्चालन हुन चाहने स्वदेश वा वैदेशिक रोजगारी अनुभव प्राप्त नेपाली नागरिकहरुबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रहरु मध्य कुनै एक केन्द्रमा आवेदन फारम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

क) फाराम सङ्कलन केन्द्र परीक्षण हुने व्यवसाय र तह:

| क. स. | आवेदन फाराम सङ्कलन/ / सीप परीक्षण केन्द्रहरु | संम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | नेपाल पोलिटेक्निक इन्स्टिच्युट, भरतपुर, ओराली, चितवन | ०५६-४२१२६१, ९८५५०६०७६९ | गार्मेट फेब्रिकेटर | २ |
| | | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | सेल मोवाईल फोन टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| २. | बालाजु स्कुल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजि, बालाजु काठमाण्डौ | ०१-४३५०२१४<br>९८५१३४५७९७<br>९८४१४७९९४५ | रेफ्रीजेरेसन एण्ड एयरकन्डिसन मेकानिकल | २ |
| ३. | दिवाकर स्मृति बहु-प्राविधिक शिक्षालय , माडी, चितवन | ९८५५०३९१२३<br>९८५५०३९१२२ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| ४. | नेपाल भारत बहु-प्राविधिक शिक्षालय, हेटौडा, मकवानपुर | ०५७-५२३५३५<br>९८५५०४२८३३ | वेल्डर | २ |
| ५. | हाम्रो प्रशिक्षण सेवा तालीम केन्द्र हेटौडा, मकवानपुर | ०५७-५२४८५१<br>०५७-५२४८५२<br>९८५५०३६२९१ | गार्मेट फेब्रिकेटर | २ |
| | | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | बिल्डिङ्ग पेन्टर | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |

| | | | | |
|---|---|---|---|---|
| ६. | पिस प्राविधिक तालीम इन्स्टिच्युट, बालकुमारी , ललितपुर | ०१५२००८४३-<br>९८५१००८०३८ | वेल्डर | २ |
| ७. | सिन्धुली सामुदायिक प्राविधिक शिक्षालय, कमलामाई, सिन्धुली | ९८४४०८२५५५<br>९८५४०४०८१८<br>९८५४०४१४२४ | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| ८. | नितकण्ठ बहु-प्राविधिक शिक्षालय, धादिङ्बेसी, धादिङ | ०१०-५९०११६<br>९८४९०५०३९८<br>९८५१३३९७५७ | सेल मोवाईल फोन टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| ९. | नेपाल बनेपा बहु-प्राविधिक शिक्षालय, बनेपा, काभ्रेपलान्चोक | ९८५१२१२६२५ | सेल मोवाईल फोन टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| १०. | नारायणी बहु-प्राविधिक शिक्षालय,भरतपुर,चितवन | ९८५५०१२६३३<br>०५६-४९३३६२ | विल्डिङ्ग पेन्टर | २ |
| | | | प्लम्बर | २ |
| | | | मेसन | २ |
| ११. | राष्ट्रिय सीप परिक्षण समिति (NSTB),भक्तपुर | ९८५११२७०८० | व्युटिसियन | २ |
| | | | गार्मेंट फेब्रिकेटर | २ |

**नोटः निम्न व्यवसायका आवेदन फारमहरु तपसिलका स्थानहरुमा पनि वुझाउन सकिनेछ।**

| क.स | आवेदन फाराम सङ्कलन | संम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडा | ०५७-५२४९९१<br>९८५५०२७५९१ | सबै व्यवसाय | २ |
| २ | सामजिक विकास मन्त्रालय, मकवानपुर, हेटौडा | ९८५५०३१५६८ | सबै व्यवसाय | २ |
| ३ | प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालीम परिषद् (PCTVET) मकवानपुर, हेटौडा | ९८५५०१३२५२<br>०५७-५९१२५२ | सबै व्यवसाय | २ |
| ४ | बालाजु स्कुल अफ ईन्जिनियरिङ एण्ड टेक्नोलोजि, बालाजु काठमाण्डौ | ०१-४३५०२१४<br>९८५१३४५७९७<br>९८४१४७९९४५ | व्युटिसियन | २ |
| ५ | नेपाल भारत बहु-प्राविधिक शिक्षालय, हेटौडा, मकवानपुर | ९८५५०४२८३३ | व्युटिसियन | २ |
| ६ | नारायणी बहु-प्राविधिक शिक्षालय,भरतपुर,चितवन | ९८५५०१२६३३<br>०५६-४९३३६२ | व्युटिसियन | २ |
| ७ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद बागमती प्रदेश संम्पर्क कार्यालय, भक्तपुर | ९७४५६८८६४० | व्युटिसियन | २ |
| | | | गार्मेंट फेब्रिकेटर | २ |

**ख) <u>आवेदनको लागि न्यूनतम योग्यता:</u>**

| | |
|---|---|
| तह- २को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको<br>वा<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव |

क्र.सं. .......

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# राष्ट्रिय सीप परीक्षण समिति

## सीप परीक्षणको लागि दरखास्त फारम

कार्यालय प्रयोजनको लागि

पंजीकरण संख्या / (Reg.No) [ ] पंजीकरण मिति / (Reg.Date) [ ]

सीप क्रमाङ्क / (Skill Symbol No) [ ] परीक्षण किसिम [नियमित] [प्रायोजित]

फोटो

---

श्रीमान् सदस्य सचिवज्यू,

त्यस समितिबाट मिति........................मा लिईने सीप परीक्षणमा सम्मिलित हुन मेरो नागरिकता, परीक्षण दिने व्यवसाय सम्बन्धी तालीम/अनुभवको प्रमाणित प्रतिलिपिहरु र दुई प्रति फोटो संलग्न गरी परीक्षण दस्तुर बुझाई निम्न विवरण सहित निवेदन पेश गरेको छु । नियमानुसार परीक्षणमा सहभागी हुन पाउँ ।

व्यवसाय ........................................................................ तहः ......... परीक्षण केन्द्रः..........................................................

१. निवेदकको पूरा नाम थर :

२. अंग्रेजी ठूलो अक्षरमा नाम थर :

जन्म मितिः (विक्रम सम्वतमा) २०.................. साल .......... महिना ........... गते (इस्वी सन्मा) २०.............साल ......... महिना ..........गते

लिङ्गः पुरुष / महिला / अन्य जातिगत समुहः दलित ☐ जनजाती ☐ अन्य ☐ नागरिकताः प्रमाणपत्र नं.:
जारी जिल्लाः............................ मितिः..................

३. बाबुको पूरा नाम, थरः देवनागरीमा

बाबुको पूरा नाम, थरः अंग्रेजी ठूलो अक्षरमा

४. निवेदकको स्थायी ठेगानाः

नेपालीमाः गा.पा. / न.पा. / महा.न.पा.........................................वडा.........ब्लक नं..............जिल्ला.............................अंचल..........................

अंग्रेजीमाः RM/N/M.......................................Ward No............. Block No............ .........District..................................Zone..................................

५. पत्राचार गर्ने ठेगानाः गा.पा / न.पा. / महा.न.पा.....................................वडा.......ब्लक नं........जिल्ला..............................अंचल..................फोन ...............

६. व्यवसाय सम्बन्धी विवरणः

| सम्बन्धित व्यवसायमा तालिम लिएको अवधि | सम्बन्धित व्यवसायमा काम गरेको अवधि | बैदेशिक रोजगारबाट फर्केको भए |
|---|---|---|
| संस्थाको नामः<br>वर्ष ......... महिनाः...........(.......... घण्टा) | संस्थाको नामः<br>वर्ष ............... महिनाः ................ | देश र संस्थाको नामः<br>पासपोर्ट नं.:<br>काम गरेको वर्ष ............... महिनाः ................ |

७. सीप परीक्षणमा सामेल हुंदा रोजगारको अवस्थाः छ ( ), छैन ( ) भएमा क) स्वरोजगार ख) स्वदेशी रोजगार ग) बैदेशिक रोजगार

८. यस अघि सीप परीक्षण दिएको छ ( ), छैन ( ), दिएको भए व्यवसाय...................................................................................... तह.............
परीक्षण मिति...................... केन्द्र.................................................................................. उर्त्तिण भएको भए : सैद्धान्तिक ( ) प्रयोगात्मक ( )
पंजीकरण संख्या........................................सीप क्रमाङ्क...........................................

९. यदि बैदेशिक रोजगारीमा जाने इच्छा भएमा जाने मुलुकको नाम : ...........................................................

१०. उल्लेखित विवरण वेबपेजमा राख्न मेरो पूर्ण मन्जूरी रहने छ ।

११. उल्लेखित सबै विवरण ठीक साँचो हो, झुठा भएमा नियम बमोजिम सहुँला बुझाउँला ।

..............................
मिति

..............................
निवेदक

| | | |
|---|---|---|
| सीप परीक्षण दस्तुर रु.: ..............<br>रसिद नं:................<br>मितिः................. | • उल्लेखित लेखिएको विवरण रुजु गरी हेर्दा निवेदक परीक्षण दिन योग्य/अयोग्य देखिएकोले निजको दरखास्त फाराम स्वीकृत/अस्वीकृत लागि सिफारिश गर्दछु ।<br>• फाराम अस्वीकृत भए कारणः........................................................... | |
| ..........................<br>लेखा शाखा | ..........................<br>सीप परीक्षण अधिकृत | ..........................<br>सदस्य सचिव<br>रा.सी.प. समिति |

ग) <u>आवेदन तथा दर्ता शुल्क: रु २७० ( आवेदकले व्यहोर्ने)</u>

घ) <u>सीप परीक्षणमा सहभागीले आवेदन फारम भर्दा पालना गर्नु पर्ने शर्तहरु.</u>

१) यस सूचना तथा आवेदन फाराम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)बागमती प्रदेश कार्यालयको वेवसाइट https://ctevtbagmati.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रबाट प्राप्त गर्न सकिनेछ। ।

२) आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८२/१०/१९ गते भित्र बुझाउनु पर्ने छ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट सम्म बुझाउन सकिनेछ।

३) आवेदन फारामको साथ पासपोर्ट साईजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र ( अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार वा अर्ध- सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त नीजि रोजगारदाता संस्था उद्योग व्यवसायीले सम्बन्धीत पेशा व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफु कार्यरत वडा कार्यालयको सिफारीस पत्र पेश गर्न सक्नेछ ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फारम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र ( अङग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) कुनै पनि पेशा तहमा स्वीकृत आवेदन सङख्या पाँच(५) भन्दा कम भएमा सो पेशा तहको सीप परीक्षण संचालन गरिने छैन ।

७) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारमहरु स्वतः रद्द हुनेछ ।

८) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत गराइने छ । सीप परिक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश पत्र प्राप्त गर्न सकिनेछ। सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ।

९) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर ( सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन्।

१०) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदा प्राप्त गरेको रजिस्ट्रेशन नं अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ। यसरी दोहोर्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि . "पुनः परीक्षण "भन्ने कोठामा चिन्ह लगाउनु पर्नेछ।

११) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन्।

१२) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाइहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाइको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन्।

१३) सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा आवश्यक कागजात पुगेको जाँच गरी आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच (०५) दिन भित्र Online System बन्द हुने भएकाले उक्त अवधिभित्र अनलाइन फाराम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम जाँच भई सकेपछि इन्ट्री बापत प्रति फाराम रु ७०/- (अक्षरुपी सत्तरी) मात्रका दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाइ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बागमती प्रदेशको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि., शाखा कार्यालय हेटौंडा च.हि. खाता न.१३००१००००३६६८००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपी अपलोड गर्नु पर्नेछ।

१४) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकेको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ।

१५) यस विधिबाट सीप परिक्षणमा सहभागी हुने परीक्षार्थीहरु आंशिक इकाईहरु (Units) मा मात्र सहभागी हुन पाउने छन्।

**थप जानकारीका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, बागमती प्रदेशको सम्पर्क नम्बर ९८५५०३४९९१, ०५७५२४९९१— तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०५७५९००१७— मा सम्पर्क गर्न सकिनेछ।**

**निर्देशक**